आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं. ०८२/०८३ (आन्तरिक लेखापरीक्षक शाखा)
च.नं. /

मिति: २०८३/०२/११
नेपाल संम्वत ११४६, अनालाथ्व

# धरौटी रकम फिर्ता लिन आउने सम्वन्धि सूचना।

यस कार्यालयमा विगत देखि आ.व. २०८१/८२ सम्म विभिन्न निर्माण, खरिद तथा मर्मत कार्यका लागि आवश्यक यस पालिकाबाट जारी खरिद ठेक्कामा सहभागी हुँदा राखिएको तथा भुक्तानीको कट्टीमा राखिएको धरौटी रकम अवधि तथा प्रयोजन समाप्त भए पश्चात नियमानुसार कागजात पेश गरी फिर्ता लैजानु पर्नेमा हाल सम्म पनि केही धरौटि राख्ने व्यक्ति/फर्म/संस्था/कार्यालयहरुबाट धरौटी दावि गर्न नआएकोले। धरौटी रकम फिर्ता गर्नका लागि **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६** वमोजिम आवश्यक कागजात तथा प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र कार्यालय समयमा धरौटी फिर्ताका लागि नियमानुसार धरौटी रकम फिर्ताको लागि निवेदन पेश गर्न हुन यसै सूचनामार्फत जानकारी गराईन्छ।

अन्यथा अवधि तथा प्रयोजन समाप्त भएमा धरौटी रकमहरु सदरस्याहा गरी उक्त नियमावलीको नियम ६८ वमोजिम संचित कोषमा दाखिला गरिने व्यहोरा अनुरोध छ।

नोट:- थप जानकारीका लागि यस कार्यालयको www.aamachhodingmo.gov.np ९७६६४३०६००,९७६६४३०६०२,९८६८७१०५८७ बाट प्राप्त गर्न सकिने छ।

**धरौटी फिर्ता माग गर्दा समावेश गर्न पर्ने कागजातहरु:-**

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ६६ को उपनियम २ अनुसारको निवेदन कार्यालयमा पेश गर्नुपर्ने।
- निवेदन साथ धरौटी जम्मा गरेको प्रयोजन खुल्ने गरी रसिदको प्रतिलिपी/ निस्सा संलग्न हुनुपर्ने।
- कर चुक्ताको प्रमाण पत्र र भुक्तानीमा कट्टीको भए सम्वन्धीत विलको भ्याट समायोजन पत्र समेत संलग्न हुनुपर्ने।
- उपभोक्ता समितिको हकमा नविकरण गरिएको निस्सा र उपभोक्ता समितिको धरौटी फिर्ताको निर्णय प्रति संलग्न हुनुपर्ने।

.....................
नि.प्रमुख प्रशासकीय अधिकृत
ऋषिकेश अधिकारी



CamScanner